नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)

☎ ०८७-५२००१२
☎ ०८७-५२०११२
✉daojumla@gmail.com
Website:daojumla.moha.gov.np

खलङ्गा, जुम्ला

प.सं. २०८१/०८२
च.नं.

मिति:-२०८१/०९/०७
नेपाल सम्वत ११४५

सार्वजनिक सूचना सम्बन्धमा !

प्रस्तुत विषयमा कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको च.नं. ४०२ मिति २०८१/०९/०४ गतेको पत्रानुसार विपद् साहसिक पुरस्कार वितरण कार्यविधि, २०८१ को दफा ५ मा उल्लेखित आधार बमोजिम यस कार्यालयबाट नाम सिफारिस गरी पठाउने प्रयोजनार्थ सरकारी तथा गैर सरकारी निकायमा कार्यरत कर्मचारी/स्थानीयले आफ्नो स्पष्ट विवरण खुल्ने (नागरिकता वा सरकारी निकायबाट जारी प्रमाण पत्रको प्रतिलिपी समेत) संलग्न गरी साथै उक्त क्षेत्रमा गरेको उल्लेखनीय कार्यको विवरण र उपलब्ध भएसम्म सोको पुष्टी गर्ने प्रमाण समेत संलग्न गरी यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना जारी गरिएको छ।

०८१/०९/०७
.......................
मीन बहादुर रावल
प्रशासकीय अधिकृत

कर्णाली प्रदेश सरकार
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
वीरेन्द्रनगर सुर्खेत, नेपाल

मा. मन्त्रीज्यू: ०८३-५२५६२
सचिवज्यू: ०८३-५२२५२६
प्रशा. शाखा: ०८३-५२३०४५
फ्याक्स नं. ०८३-५२५७७५

प.सं. २०८१/०८२ (विपद व्यवस्थापन शाखा)
च.नं. ४०२

मिति:२०८१।०९।०४

**विषयः सिफारिस गरि पठाउने सम्बन्धमा।**

श्री जिल्ला प्रशासन कार्यालय,
सुर्खेत,दैलेख,जाजरकोट,रुकुमपश्चिम
सल्यान,कालिकोट,जुम्ला,हुम्ला,मुगु,डोल्पा ।

विपद् साहसिक पुरस्कार वितरण कार्यविधि, २०८१ को दफा ५ मा उल्लेखित आधार बमोजिम बढीमा ३ (तीन) जना सरकारी तथा गैह्र सरकारी निकायमा कार्यरत कर्मचारी/स्थानीयको नाम प्राथमिकताक्रम खुलाई सिफारिस गरि पठाउन हुन अनुरोध छ ।साथै पुरस्कारका लागि सिफारिस गरि पठाउँदा सिफारिस गरि पठाउने व्यक्तिको स्पष्ट खुल्ने विवरण (नागरिकता वा सरकारी निकायबाट जारी प्रमाण पत्रको प्रतिलिपी समेत संलग्न गरि) निजलें सम्पादन गरेको उल्लेखनीय कार्यको विवरण र उपलब्ध भए सम्म सोको पुष्टी गर्ने प्रमाण समेत संलग्न गरि यथाशिघ्र यस मन्त्रालयमा पठाउनुहुन समेत अनुरोध छ ।

**पुनश्चः विपद् साहसिक पुरस्कार वितरण कार्यविधी, २०८१ यसैसाथ संलग्न गरि पठाईएको छ ।**

.......................
पुष्प राज शाही
प्रदेश सचिव

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन "
विपद् शाखा इमेलः molal.bipad@gmail.com

# विपद् साहसिक पुरस्कार वितरण कार्यविधि, २०८१

प्रस्तावनाः कर्णाली प्रदेशमा विभिन्न प्रकारका विपद्का घटनामा परेका नागरिकको खोज, उद्धार, राहत र पुनर्स्थापनाका कार्यमा संलग्न जुनसुकै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाको साहसिक कार्यको उच्च प्रशंसा गर्दै पुरस्कृत र सम्मान गरी विपद् व्यवस्थापनका कार्यमा स्वतः स्फूर्त सहभागिता अभिवृद्धि गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "विपद् साहसिक पुरस्कार वितरण कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पुरस्कार" भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने विपद् साहसिक पुरस्कार सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ग) "विपद्" अन्तर्गतः-

(१) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वालामुखी विस्फोटन, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।

(२) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक विपद्बाट उत्पन्न विपद् सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको पुरस्कार वितरण छनौट समिति सम्झनु पर्छ।

३. पुरस्कार वितरण छनौट समिति सम्बन्धि व्यवस्थाः (१) यस कार्यविधि बमोजिम पुरस्कार वितरण प्रयोजनको लागि एक पुरस्कार वितरण छनौट समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | -संयोजक |
| (ख) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) प्रतिनिधि, नेपाली सेना | -सदस्य |
| (घ) प्रतिनिधि, प्रदेश प्रहरी कार्यालय | -सदस्य |
| (ङ) प्रतिनिधि, सशस्त्र प्रहरी बल, कर्णाली प्रदेश | -सदस्य |



पुष्प राज शाही
प्रदेश सचिव

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

मुख्य सचिव

६. <u>पुरस्कारको स्वीकृति तथा वितरण:</u> (१) समितिले सिफारिस गरेका पुरस्कार प्राप्त गर्ने योग्य व्यक्ति वा संस्थाको नाम मन्त्रालयले स्वीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम पुरस्कारको लागि सिफारिस भएका व्यक्ति वा संस्थालाई मन्त्रालयले महत्वपूर्ण अवसर वा दिवसमा पुरस्कृत गर्नेछ।

७. <u>पुरस्कारको रकम:</u> (१) पुरस्कार वापत प्रत्येक व्यक्ति वा संस्थालाई बढीमा जनही पचास हजार रुपैयाँ रकम सहित प्रमाणपत्र प्रदान गरिनेछ।

(२) दफा ५ को उपदफा (३) बमोजिमको व्यक्ति पुरस्कृत हुने भएमा निजको सबैभन्दा नजिकको हकवालालाई पुरस्कार वितरण गरिनेछ।

८. <u>यसै कार्यविधि बमोजिम भए गरेको मानिने:</u> यो कार्यविधि प्रारम्भ हुनु अघि विपद् साहसिक पुरस्कार वितरण सम्बन्धमा भए गरेका सम्पुर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

९. <u>बाधा अड्काउ फुकाउन सक्ने:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१०. <u>खारेजी र बचाऊ:</u> (१) विपद् साहसिक पुरस्कार वितरण कार्यविधि, २०८० खारेज गरिएको छ।

(२) विपद् साहसिक पुरस्कार वितरण कार्यविधि, २०८० बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

पुष्प राज शाही
प्रदेश सचिव

प्रमुख सचिव

(च) प्रतिनिधि, नेपाल रेडक्रस, कर्णाली प्रदेश -सदस्य

(छ) महाशाखा प्रमुख, शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन, मन्त्रालय -सदस्य- सचिव

(२) समितिले आवश्यकता अनुसार बैठकमा विषय विज्ञ वा सम्बन्धित निकायका पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ:-

(क) विपद्मा परेका नागरिकको खोज, उद्दार, राहत र पुनर्स्थापनाका कार्यमा संलग्न व्यक्ति वा संस्थाको पहिचान गरी विवरण संकलन गर्ने,

(ख) खण्ड (क) बमोजिमको व्यक्ति वा संस्थाको योगदानको बारेमा जानकारी लिने,

(ग) खण्ड (ख) बमोजिमका व्यक्ति वा संस्थाको योगदानको विश्लेषण गरी प्राथमिकता निर्धारण गर्ने,

(२) समितिले पुरस्कार वितरण गर्ने प्रयोजनका लागि माथिल्लो प्राथमिकता क्रममा परेका बढीमा पाँच जना योग्य व्यक्तिको नाम मन्त्रालय समक्ष सिफारिस गर्नुपर्नेछ।

(३) यस दफा बमोजिम पुरस्कार वितरण गर्ने प्रयोजनका लागि मन्त्रालयले प्रदेशका मन्त्रालय र जिल्ला प्रशासन कार्यालयलाई दफा ५ को आधारमा रहने गरी व्यक्ति वा संस्थाको नाम सिफारिस गर्न पैंतीस दिनको समयावधि दिई पत्राचार गर्नुपर्नेछ।

५. <u>पुरस्कार वितरणको लागि लिइने आधार:</u> (१) पुरस्कार वितरणका लागि छनौट गर्दा देहाय बमोजिमका आधार लिनुपर्नेछ:-

(क) विपद्मा परी क्षतविक्षत भएका भग्नावशेषलाई हटाएर त्यहाँ भित्र फसेका नागरिकको उद्दार कार्यमा प्रत्यक्ष रुपमा संलग्न रहेको,

(ख) विपद्का समयमा नागरिकको जीउधनको सुरक्षामा निरन्तर खटेको,

(ग) विपद्मा परी मृत्यु भएका मृतकको खोजी गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न रहेको,

(घ) विपद्को समयमा असुरक्षित स्थानमा रहेका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सहयोग पुऱ्याएको,

(ङ) खोज, उद्दार, राहत र पुनर्स्थापनामा आवश्यक समन्वय, योजना निर्माण, स्रोतको पहिचान तथा परिचालन, सूचना व्यवस्थापनका कार्यमा प्रत्यक्ष भूमिका खेलेको,

(च) महामारीको समयमा संक्रमितहरुको पहिचान, स्वास्थ्य परीक्षण, क्वारेन्टिन र स्वास्थ्य उपचार व्यवस्थापनको क्षेत्रमा उच्च जोखिम बहन गरेको।

(२) उपदफा (१) मा उल्लिखित आधारका अतिरिक्त सबैभन्दा बढी जोखिम बहन गरी विपद् उद्दार कार्यमा खटिएको व्यक्तिलाई प्राथमिकता दिइनेछ।

(३) उपदफा (२) बमोजिमको उद्दार कार्यमा संलग्न रहेको व्यक्तिको मृत्यु हुन गएमा निजलाई समेत छनौट कार्यका लागि प्राथमिकतामा राख्नुपर्नेछ।

(४) उपदफा (१) मा उल्लिखित आधार मध्ये सबैभन्दा बढी आधार पूरा गरेको व्यक्तिलाई यस कार्यविधि बमोजिम पुरस्कारको लागि नाम सिफारिस गर्दा प्राथमिकतामा राख्नुपर्नेछ।

पुष्प राज शाही
प्रदेश सचिव

मुख्य सचिव